


# बेल्जियमको जितबाट शुरूआत

सोची, (एजेन्सी)

बेल्जियमले रुसमा जारी विश्वकपमा जितबाट शुरूआत गरेको छ। सोमबार आफ्नो पहिलो खेलमा नवप्रवेशी टोली पानामालाई ३-० गोलअन्तरले हराएको हो। जितसँगै बेल्जियमले समूह जी मा तीन अंक जोडेको छ। टोलीको जितमा म्यानचेस्टर युनाइटेडका स्ट्राइकर रोमेलु लुकाकुले दुई गोलको योगदान दिए। उनले ६ मिनेटमा दुई गोल गरेका थिए। यस्तै ड्राइज मर्टेन्सले एक गोल गरेका थिए।

पानामा विश्वकपको इतिहासमा पहिलो पटक सहभागित भएको हो। पानामाको शहर यो खेल भइरहँदा व्यस्त सडक सुनसान रहेको बीबीसीले जनाएको थियो। पानामाले युरोपको एक सशक्त टोली बेल्जियमसँग कडा सामना गरेको थियो। पहिलो हाफ गोलरहित बराबरीमा सकाएको पानामाले तीनै गोल दोस्रो हाफमा बेहोरेको थियो।

मर्टेन्सले ४७औं मिनेटमा हेडमार्फत् बेल्जियमका लागि पहिलो गोल गरेका थिए। उनको प्रहारलाई पानामाका गोलकिपर जेमी पेनेडोले बुझ्न सकेनन्। मर्टेन्स दुई विश्वकपमा दुई गोल गर्ने मार्क विल्मट्स (१९९८ र २००२) पछि दोस्रो बेल्जियम खेलाडी बने। यसपछि लुकाकुले ६९औं मिनेटमा गोल गरे। यसलाई अफसाइड हो कि भनेर परीक्षण गरियो र भार प्रविधिले अफसाइड नभएको घोषित गरियो। उनले नै ७५औं मिनेटमा अर्को गोल थपे।


६ मिनेटमा दुई गोल गरे लुकाकुले

# पेनाल्टीमा स्वीडेनको उद्धार



मस्को, (एजेन्सी)

विश्वकप समूह 'एफ' को दोस्रो खेलमा स्वीडेनले दक्षिण कोरियालाई १-० ले हराउँदै महत्त्वपूर्ण ३ अंक बटुलेको छ।

पहिलो हाफ गोलविहीन उक्त खेलको ६५औं मिनेटमा स्वीडेनले पेनाल्टी पाएपछि गोल गर्न सफल भएको हो। स्वीडेनले पाएको पेनाल्टी प्रहारलाई कप्तान आन्द्रियस ग्रान्कभिस्टले गोलमा परिणत गरेका थिए। किम मिनले स्वीडेनमा भिक्टर क्लेसनलाई आफ्नो डी-एरियामा फाउल गरेको भिडियोमा देखिएपछि रेफ्रिले स्वीडेनलाई पेनाल्टी हान्ने अवसर दिएका थिए। यही गोल निर्णायक हुँदा स्वीडेनको उद्धार भयो।

दक्षिण कोरिया र स्वीडेन दुवैले पहिलो हाफमा थुप्रै अवसर पाए पनि गोलमा परिणत गर्न सकेका थिएनन्। खेल अवधिभर बल पोजेसनमा स्वीडेनले अधिक पकड बनाएको थियो। गोलका लागि स्वीडेनले ४ पटक प्रहार गर्दा कोरियाको कुनै पनि प्रहार लक्ष्यमा पर्न सकेन।

यस जितसँगै स्वीडेनले समूह 'एफ' मा ३ अंक जोड्न सफल भएको छ। स्वीडेनले आगामी खेल जर्मनीसँग तथा दक्षिण कोरियाले मेक्सिकोसँग खेल्नेछ। आइतबार राति मेक्सिकोसँग १-० ले पराजित जर्मनी र दक्षिण कोरिया भने यो समूहमा अंकविहीन रहेका छन्। समूह 'एफ' को पहिलो खेलमा जर्मनीलाई मेक्सिकोले हराएपछि यो समूहमा विजेता र उपविजेता दुवैको स्थान खुला देखिएको छ। अहिलेको अवस्थामा समूह 'एफ' सबैभन्दा रोमाञ्चक देखिएको छ।

## प्लेयर्स टू वाच

### रोबर्ट लेवान्डोस्की (पोल्यान्ड)

जर्मन बुन्डेसलिगा क्लब बायर्न म्यूनिखका स्ट्राइकर हुन् रोबर्ट लेवान्डोस्की। ६ फिट १ इन्च उचाइ भएका २९ वर्षीय लेवान्डोस्की पोल्यान्ड राष्ट्रिय टिमका कप्तानसमेत हुन्। सन २००६ बाट पोल्यान्डको नीज प्रस्जोबाट फुटबल करियरको सुरुआत गरेका उनले त्यसपछि पोल्यान्डकै लेच पोज्नान हुँदै जर्मनीको बोरुसिया डर्टमन्ड र बायर्न म्यूनिखमा स्थापित भएका हुन्।

हाल बायर्नका प्रमुख खेलाडी बनेका लेवान्डोस्कीले सोही क्लबबाट १ सय २६ म्याचमा १ सय ६ गोल गरिसकेको छन्। स्ट्राइकरको भूमिकामा बुन्डेसलिगामा तहल्का मचाउँदै आएका उनी पोल्यान्डको राष्ट्रिय टिममा सन् २००८ देखि सामेल छन्। यस क्रममा उनले राष्ट्रिय टोलीबाट ९५ म्याचमा ५५ गोल गरेका छन्। लेवान्डोस्कीले बायर्न म्यूनिखका लागि यसै फेब्रुवरीमा वल्फसबर्गविरुद्ध मात्र ९ मिनेटमा ५ गोल गरेर चर्चा बटुलेका थिए।






# ब्राजिललाई पहिलो खेलमै धक्का

मस्को एजेन्सी

छैटौं पटक विश्व विजेता बन्ने अभियानमा लागेको ब्राजिललाई पहिलो खेलमै धक्का लागेको छ। रुसमा जारी विश्वकपअन्तर्गत समूह 'ई' मा रहेको ब्राजिलले स्विजरल्यान्डसँग १-१ बराबरी खेल्यो। आइतबार राति भएको खेलमा त्यसो त ब्राजिलले अग्रता बनाएको थियो। फिलिप काउटिन्होले २०औं मिनेटमा गोल गर्दै ब्राजिललाई १-० को अग्रतमा राखेका थिए। यही पहिलो हाफमा लिएको अग्रता जोगाउन नसक्दा ब्राजिलले स्विजरल्यान्डसँग अंक बाँड्नुपर्‍यो।

काउटिन्होले डी-एरिया बाहिरबाट घुमाउरो प्रहार गरेको बल उत्कृष्ट गोलमा परिणत भएको थियो। तर स्विजरल्यान्डका स्टेभन जुबेरले खेलको ५०औं मिनेटमा बराबरी गोल गर्दै ब्राजिललाई अंक बाँड्न बाध्य बनाए। कर्नरबाट उपलब्ध बललाई उनले हेडमार्फत् गोलपोस्टको जाली चुमाएका थिए।

ब्राजिलियन स्टार नेयमारलाई भने स्विजरल्यान्डका रक्षकले कडा निगरानीमा राख्न सफल भए। त्यसका बावजुद पनि नेयमारले गोलका लागि केही आक्रमण सिर्जना गरेका थिए। तर थप गोल गर्न भने उनी सफल हुन सकेनन्। यो नतिजापछि समूह 'ई' मा कोस्टारिकालाई १-० ले हराएको सर्बिया ३ अंकका साथ शीर्षस्थानमा रहेको छ। ब्राजिल र स्विजरल्यान्डको भने समान १ अंक रहेको छ। अंकविहीन कोस्टारिका अन्तिम स्थानमा छ।

तथ्य

- यो ब्राजिलको विश्वकपमा खराब सुरुआत हो।
- ब्राजिलले १९७८ विश्वकपपछि पहिलो पटक जितबाट प्रतियोगितामा सुरुआत लिन सकेन
- नेयमारलाई १० पटक फाउल गरेको, यो विश्वकप १९९८ पछि कुनै पनि खेलाडीविरुद्ध गरेको फाउल बढी संख्याको हो।
- स्विस खेलाडी भालोन बेहरामीको यो चौथो विश्वकप सहभागिता हो।
- काउटिन्होले २०औं मिनेटमा गोल गरेपछि ब्राजिलले अर्को लक्ष्यमा प्रहार गर्न ५७ मिनेट (७७औं मिनेट) लागेको थियो।



## टिट्स बिट्स

# नेयमारको हेयर स्टाइलकै चर्चा



मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपअन्तर्गत ब्राजिल र स्विजरल्यान्डबीचको खेलमा नेयमारमाथि सबैको ध्यान केन्द्रित भएको छ। खेलभन्दा पनि उनको हेयर स्टाइलमा सबैले ध्यान दिएका थिए। उनी नयाँ हेयर स्टाइलमा खेल्दा सामाजिक संजाल प्रयोगकर्ताले थरिथरिको कमेन्ट गर्न थाले लागे। कसैले केश हो कि मेक्रानी त कसैले नेयमारको हेयर स्टाइललाई चाउचाउ र पास्ताझैं देखेको बताए।

यसअघि १९९८ विश्वकपमा फ्रान्सका पुरै टोलीले खैरो हेयर स्टाइल बनाएका थिए। त्यतिबेला कोचसँग केही विषयमा शर्त लागेको थियो। खेलाडीले बाजी हारेर उनीहरूले हेयरमा रंग लगाउनुपरेको थियो।

# मेसीबारे केही रोचक कुरा

मेड्रिड, (एजेन्सी)

स्पेनिस एयरलाइन्सका अनुसार बार्सिलोनाको हवाइ अड्डाको विस्तार सम्भव छैन किनभने यस स्थानमा उडान भर्न सकिने स्थिति छैन। पर्यावरणको नियमका कारण यस्तो भएको बताइए पनि एयरलाइन्सले लियोनल मेसीलाई दोषी मान्छ।

### विमान उड्न मनाही

बार्सिलोनाको गावामा मेसी बसोबास गर्छन्। यो स्थान भनेको पर्यावरणले गर्दा प्रतिबन्धित क्षेत्र हो। यसैले मेसीको घरमाथिबाट विमान उडाउन प्रतिबन्ध लगाइएको छ।

### फुटबल आकार

मेसीको घर माथिबाट हेर्दा फुटबल आकारको देखिन्छ। मेसीको घर अत्याधुनिक सुविधाको छ। उनको घर पुरै पर्यावरणमैत्री छ। कौसीबाट हेर्दा चारैतर्फ हरियाली मात्रै देखिन्छ।

### विहे

मेसीले २०१७ मा आफ्नो बाल्यकालकी साथी र गर्लफ्रेन्ड एन्टोनेला रोकोजोसँग विहे गरेका थिए। मेसी र रोकुजो बाल्यकालमा छिमेकी थिए। ६ वर्षको उमेरमा मेसीले रोकोजोलाई देखेका थिए। यसपछि उनी १३ वर्षको उमेरमा स्पेन गए। जहाँ उनी फुटबल क्लब बार्सिलोना आबद्ध भए। तर दुवैजना सम्पर्कमा रहेका थिए। यसपछि छिटै प्रेममा बदलियो र २००८ मा मेसी र रोकोजो साथसाथ रहन थाले। यो सम्बन्धलाई गतवर्ष दुवैले वैवाहिक बन्धनमा बाँधे। उनीहरूको विहेअगाडि दुई छोरा छन्।

